# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल


पत्र संख्या :- २०७५/०७६
चलानी नं. :- २०३

मिति :- २०७५/५/५

**विषय- शिलबन्दी दरभाउपत्र आवहान सम्बन्धमा ।**

उपर्युक्त बिषयमा दक्षिणकाली नगरपालिका **५ नं वडा शेषनारायण मन्दिर र गोरखनाथ, सरस्वती, वज्रयोगिनी मन्दिरमा पार्किङ र सरसफाइ शुल्क सम्बन्धी, आ.ब २०७५/०७६** को सम्भौता भएको मिति देखी लागु हुने गरी २०७६ साल असार मसान्त सम्मका लागी ईच्छुक व्यक्ति, फर्महरुलाई यो **१५ दिने स्थानिय सार्वजनिक सुचना** प्रकाशित गरिएको छ ।

शर्तहरु :

१) दरभाउपत्र शिलबन्दी हुनु पर्दछ र बाहिर **नाम, ठेगाना** स्पष्ट लेखी (लाह ,छाप गरी ) दाखिला गर्नु पर्नेछ ।

२) कार्यालयबाट **रु १०००/-** फिर्ता नहुने गरी निवेदन सहित सम्बन्धित व्यक्ति, फर्म वा निजको मन्जुरीनामा प्राप्त व्यक्ति, फर्मको नाममा फाराम खरिद गरी सोही व्यक्ति, फर्मको नाममा फाराम भरी दाखिला गर्नु पर्नेछ ।

३) दरभाउपत्र दाताले तपसिलमा उल्लेख गरेका **न्यूनतम ठेक्का अंक** भन्दा कम उल्लेख गरेमा मान्यता दिईने छैन ।

**काम :**

| सि नं | पार्किङ र सरसफाइ शुल्क सम्बन्धी | न्यूनतम ठेक्का अंक (मू.अ.कर बाहेक) | अक्षेरुपी | वडा नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोरखनाथ, सरस्वती, वज्रयोगिनी मन्दिर | ४,००,०००। | (चार लाख रुपैया मात्र) | ५ | |
| २ | शेषनारायण मन्दिरमा सवारी साधन | २,००,०००। | (दुई लाख रुपैया मात्र) | ५ | |

४) कबोल अंक यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैक फर्पिङ्ग शाखाको **धरौटी खाता नं १७००३०३००७१०४** मा कबोल गरेको बार्षिक रकमको **५ प्रतिशत** जम्मा गरी सोको सक्कल भौचर अनिवार्य दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । कबोल रकमको बैक भौचर दाखिला नगरी नगद (रकम) संलग्न गरेमा सो दरभाउपत्र रद्द गरिनेछ ।

५) कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्दछ । कवोल रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

O/C


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ १ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

६) दरभाउपत्र दक्षिणकाली नगरपालिकाको कार्यालय र १-५ नं वडा कार्यालयमा **बिहान १०.०० बजे देखी बेलुका ५.०० वजे सम्म र शुक्रबारका दिन ३.०० बजे** सम्म खरिद गर्न सकिनेछ र उक्त दरभाउ पत्र सम्बन्धित वडा कार्यालयमा नै दर्ता गर्नुपर्नेछ ।

७) सार्बजनिक बिदा वा कुनै आकस्मिक विदाका दिन शिलबन्दी बोलपत्र फाराम बिक्री बितरण र दाखिला गरिने छैन ।

८) रित पूर्वक नभएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन् ।

९) दरभाउपत्र खोलिने कार्य दक्षिणकाली नगरपालिकाको कार्यालयमा मात्र हुनेछ ।

१०) शिलबन्दी दरभाउपत्र खोल्ने समयमा दरभाउपत्र दाता वा निजको मन्जुरीनामा प्राप्त व्यक्ति मात्र उपस्थित हुनु पर्नेछ ।

११) यो सुचना प्रकाशित भएको मितिले **१५ दिन** सम्ममा दरभाउपत्र खरिद गर्न सकिनेछ **र १६ औं** दिनमा **दिनको १२.०० बजे** भित्र दाखिला गर्नु पर्नेछ र सोही दिन **दिनको २.०० (दुई) बजे** कार्यालयका कर्मचारी र दरभाउपत्र दाताहरु वा निजको मन्जुरीनामा प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । प्रतिनिधिहरुको अनुपस्थितिमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१२) शिलबन्दी दरभाउपत्र खोल्ने दिन कारणबश सार्बजनिक बिदा परेमा त्यसको भोली पल्ट सोही मिति र समयमा खोलिनेछ ।

१३) पर्न आएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने तथा रद्द गर्ने सम्पूर्ण अधिकार दक्षिणकाली नगरपालिकाको कार्यालयमा निहित हुनेछ र सो बाहेक अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१४) कार्यालयको छाप नभएको शिलबन्दी दरभाउपत्र पेश गरेमा वा कार्यालयबाट बितरण गरिएको शिलबन्दी दरभाउपत्रको फोटोकपी गरी बुभाएमा मान्यता पाउने छैन ।

१५) म्याद नाघी आएको शिलबन्दी दरभाउपत्र माथी कुनै कार्यबाही हुने छैन् र उक्त फाराम दर्ता गरिने छैन् ।

१६) **पार्किङ र सरसफाइ शुल्क सम्बन्धी** दरभाउ फाराममा उल्लेख गरिनेछ ।

१७) माथी जे जस्तो कुरा उल्लेख भएतापनि कुनै शव्द वा वाक्यले दोहरो अर्थ लागेमा दक्षिणकाली नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

.....................

ललित कुमार थापा

शाखा अधिकृत